# नेपाल राष्ट्र बैंक

पोखरा कार्यालय

## मौजुदा सूची दर्ता गराउने बारेको सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८३/०३/१६)**

यस कार्यालयले आर्थिक वर्ष २०८३/८४ मा खरिद गर्ने तपसिल बमोजिमका सामानहरु तथा सेवाका आपूर्तिकर्ताहरूको सूची तयार गर्नुपर्ने भएकोले इच्छुक ईजाजत प्राप्त रजिष्टर्ड फर्म तथा कम्पनीहरूले आवेदन फारममा उल्लिखित योग्यता सहितका कागजातहरु समावेश गरी यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन (सो दिन सार्वजनिक बिदा परेमा तत्पश्चात् कार्यालय खुलेको पहिलो दिन) भित्र यस कार्यालयको मौजुदा सूची (**Standing List**) मा सूचीकृत हुन आवेदन पेश गर्न नेपाल राष्ट्र बैंक खरिद विनियमावली, २०७१ को विनियम १८ बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

आवेदन फारम यस कार्यालयको आन्तरिक प्रशासन फाँट र बैंकको वेबसाइट www.nrb.org.np बाट प्राप्त गर्न सकिने छ । आवेदन पेश गर्दा आवेदन फाराममा उल्लिखित विवरणहरु भरी सहीछाप गरी तोकिएका कागजातहरुका साथ पेश गर्नुपर्ने छ । आवेदन फाराममा उल्लिखित विवरण तथा योग्यताका कागजातहरू पेश नभएमा वा तोकिएको योग्यता नपुगेका आवेदनकर्तालाई मौजुदा सूचीमा समावेश गरिने छैन । आवेदकलाई सूचीमा समावेश गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ । अन्य आवश्यक विवरण बुझ्न परेमा यस कार्यालयको आन्तरिक प्रशासन फाँटमा सम्पर्क राख्न सकिने छ ।

### तपसिल

| क्र.सं | विवरण | क्र.सं | विवरण |
|---|---|---|---|
| | **(क) खरिद तथा आपूर्तितर्फः-** | | **(ख) मर्मत सम्भारतर्फः-** |
| १. | स्टेशनरी तथा फुटकर सामानहरु | १. | सवारी साधन मर्मत |
| २. | फर्निचरका सामानहरु | २. | सि.सि.टि.भी. मर्मत तथा सम्भार |
| ३. | छपाई तथा अन्य मसलन्द सामग्री | ३. | जेनेरेटर तथा मेशिनरी सामग्री मर्मत |
| ४. | कार्यालय सरसफाई तथा विविध फुटकर सामग्री | ४. | प्लम्बिङ सेवा (पानीको पाइप, धारा आदि मर्मत) |
| ५. | इलेक्ट्रोनिक्स उपकरण (कम्प्युटर, प्रिन्टर, नोट काउण्टिङ मेसिन, यु.पि.एस., ए.सी आदि) | ५. | इलेक्ट्रोनिक्स उपकरण (कम्प्युटर, प्रिन्टर, नोट काउण्टिङ मेसिन, यु.पि.एस., ए.सी आदि) मर्मत |
| ६. | विभिन्न मेसिनरी सामान तथा त्यसका पार्टपुर्जाहरु | ६. | बिजुली, पंखा तथा अन्य विद्युतीय उपकरणहरुको मर्मत सेवा |
| ७. | पर्दा, कार्पेट, डोरमेट लगायतका फर्निसिङ सामग्री | ७. | भवन मर्मत तथा रंगरोगन |
| ८. | कार्यालय सरसफाई तथा विविध फुटकर सामग्री | ८. | फर्निचर मर्मत |
| ९. | बिजुलीका सामानहरु | ९. | दराज, फाइलिङ, क्याबिनेट आदि मर्मत सेवा |
| १०. | निर्माण तथा रंगरोगन सम्बन्धी सामग्री तथा सेवा | १०. | कम्प्युटर नेटवर्किङ सेवा |
| ११. | सवारी साधनको पार्टपुर्जा तथा लुब्रिकेण्ट्स | ११. | बगैंचा व्यवस्थापन |
| १२. | सुरक्षा सामग्री | | **(ग) परामर्श सेवा तथा अन्य सेवा आपूर्तितर्फ** |
| १३. | बगैंचाका सामाग्री उपलब्ध गराउने | १. | परामर्श सेवा (निर्माण तथा मर्मतका लागि) |
| १४. | सौर्य ऊर्जा उपकरण | २. | सवारी साधन बहालमा उपलब्ध गराउने |
| १५. | पत्रपत्रिका तथा पुस्तक | ३. | कुरियर सेवा |
| १६. | हार्डवेयर तथा फिटिङ | ४. | विज्ञापन एजेन्सी सेवा |
| १७. | पेट्रोलियम पदार्थहरु | ५. | प्लम्बिङ सेवा |
| १८. | ट्रंक बाकास सम्बन्धी कार्यहरु | ६. | कपडा धुलाई (लण्ड्री) सेवा |
| १९. | शुद्ध पिउने पानी | ७. | क्याटरिङ, होटल, टेन्ट सेवा |
| २०. | औषधी तथा मेडिकल उपकरण | ८. | Sewerage तथा Sanitary सेवा |

नेपाल राष्ट्र बैंक
पोखरा कार्यालय
०६१-४५५११५ Ext. ११८

**अनुसूची-५ क**

**(विनियम १८ को उप विनियम ४ सँग सम्बन्धित)**

**नेपाल राष्ट्र बैंक**

**पोखरा कार्यालय**

श्री नेपाल राष्ट्र बैंक
पोखरा कार्यालय,
पोखरा ।

मिति : ......................................

**विषय : मौजुदा सूचीमा दर्ता गरी पाउँ ।**

नेपाल राष्ट्र बैंक खरिद विनियमावली, २०७१ (संशोधन समेत) को विनियम १८ को उपविनियम (४) बमोजिम तपशिलमा उल्लिखित विवरण अनुसारको पुष्ट्याई गर्ने कागजात संलग्न गरी मौजुदा सूचीमा दर्ता हुन यो निवेदन पेश गरेको छु ।

| | |
|---|---|
| तपशिल : १. मौजुदा सूचीको लागि निवेदन दिने व्यक्ति, संस्था, आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकको विवरण : | |
| (क) नाम : | (ख) ठेगाना : |
| (ग) पत्राचार गर्ने ठेगाना : | (घ) मुख्य व्यक्तिको नाम : |
| (ङ) टेलिफोन नं. : | च) मोवाईल नं. : |
| **२. मौजुदा सूचीमा दर्ता हुनको लागि निम्न बमोजिमको प्रमाणपत्र संलग्न गर्नुपर्ने ।**<br>**(क) संस्था वा फर्म दर्ताको प्रमाणपत्र ।**<br>**(ख) नविकरण गरिएको ।**<br>**(ग) मूल्य अभिवृद्धि कर वा स्थायी लेखा नम्वर दर्ताको प्रमाणपत्र ।**<br>**(घ) कर चुक्ताको प्रमाणपत्र (आ.व.२०८१/८२ को) ।**<br>**(ङ) कुन खरिदको लागि मौजुदा सूचीमा दार्ता हुन निवेदन दिने हो, सो कामको लागि कुनै निकायको इजाजत पत्र आवश्यक पर्ने भएमा सो प्रतिलिपि ।** | |
| ३. विभाग/कार्यालयबाट हुने खरिदको लागि दर्ता हुन चाहेको खरिदको प्रकृतिको विवरण : | |
| (क) मालसामान आपूर्ति : (मालसामानको प्रकृति समेत उल्लेख गर्ने) | (ख) निर्माण कार्य : |
| (ग) परामर्श सेवा : (परामर्श सेवाको प्रकृति समेत उल्लेख गर्ने) | (घ) अन्य सेवा : (अन्य सेवाको प्रकृति उल्लेख गर्ने) |

| | | |
|---|---|---|
| निवेदन दिएको मिति :<br>आ. व. : २०८३/८४ | फर्मको छाप : | निवेदकको नाम :<br>हस्ताक्षर : |

मितिः ......................

श्रीमान निर्देशकज्यू,
नेपाल राष्ट्र बैंक
पोखरा कार्यालय ।

**विषयः स्वघोषणा सम्बन्धमा ।**

महोदय,

त्यस बैंकको मिति २०८३/०३/१६ को सूचना अनुसार आ.व. २०८३/८४ का लागि आवश्यक पर्ने सामान र सेवा आपूर्ति गर्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा १० को उपदफा (२) तथा नेपाल राष्ट्र बैंक खरिद विनियमवाली, २०७१ (संसोधन सहित) को विनियम १८ बमोजिम सेवा प्रदान गर्न आपूर्तिकर्ताको सूची (Standing List) मा सूचीकृत हुन देहाय बमोजिम स्वघोषणा सहित प्रतिबद्धता समेत जाहेर गर्दछु ।

1. *त्यस बैंकका लागि तत्काल आपूर्ति गर्न सक्ने सामान/उपकरणको आवश्यक परेमा तत्काल उपलब्ध गराउने प्रतिबद्धता गर्दछु ।*
2. *बिक्री पछिको सेवाको व्यवस्था र बिल भर्पाई समयमा बुझाउने छु ।*
3. *म/म संलग्न फर्म वा कम्पनी पेशागत कार्यका सिलसिलामा कसुरजन्य कामकाज गरी/गरे वापत सजाय नपाएको घोषणा गर्दछु ।*
4. *म/म संलग्न फर्म वा कम्पनी सार्वजनिक खरिद कार्यका लागि अयोग्य नभएको घोषणा गर्दछु ।*
5. *म/म संलग्न फर्म वा कम्पनीबाट गरेका कार्यहरु गलत वा झुटा ठहरिए कानून बमोजिम सहुँला/बुझाँउला ।*

निवेदक

प्रोपाइटरको नामः

हस्ताक्षरः

कम्पनीको छाप

नेपाल राष्ट्र बैंक
पोखरा कार्यालय

## मौजुदा सूचीमा दर्ता हुन आवश्यक योग्यताहरु

सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) को दफा १० को उपदफा (२) तथा नेपाल राष्ट्र बैंक खरिद विनियमावली २०७१ (संशोधन सहित) को विनियम १८ को उप-विनियम ३ अनुरुप आपूर्तिकर्ता/सेवा प्रदायकहरुलाई देहाय बमोजिम योग्यता तोकिएकोले आवश्यक कागजात सहित निबेदन पेश गर्नु पर्नेछ ।

क. फर्म/कम्पनी दर्ता प्रमाणपत्रको आवधिक रुपमा नविकरण भएको कागवात

ख. स्थायी लेखा नम्बर (PAN) वा मूल्य अभिवृद्धि कर (VAT) मा दर्ता भएको कागजातको प्रतिलिपि (मू.अ. करमा दर्ता हुनुपर्नेको हकमा मात्र) ।

ग. आ.व. २०८१/८२ को कर चुक्ता गरेको कागजातको प्रतिलिपि (आ.व. २०८२/८३ मा स्थापित/दर्ता भएका संस्था/फर्म/कम्पनीको हकमा लागु नहुने ।)

घ. दिइएको कारोवार गर्न प्रचलित कानूनमा कुनै निकायको अनुमति/इजाजत लिनुपर्ने उल्लेख भएको हकमा सो अनुमति तथा आवश्यकता बमोजिम नविकरण गरेको प्रमाणपत्रको प्रतिलिपि ।

ङ. फर्म/कम्पनी कुनै सामग्रीको आधिकारिक वितरक भएमा सो जनाउने आधिकारिक कागजात ।

च. सम्बन्धित क्षेत्रमा काम गरेको अनुभवको प्रमाणपत्र ।

छ. तत्काल आपूर्ति गर्न सक्ने गरी सामान/उपकरणको उपलब्धता हुने व्यहोराको स्वघोषणा ।

ज. विक्री पछिको सेवाको व्यवस्था सुनिश्चित भएको कागजात ।

झ. पेशागत कसुर गरे वापत सजाय नपाएको स्वघोषणा पत्र ।

ञ. नेपाली नागरिकताको प्रतिलिपि ।

ट. सार्वजनिक खरिद कार्यका लागि अयोग्य नभएको स्वघोषणा पत्र ।

ठ. कार्यालयलाई आवश्यक पर्दा सहजै सम्पर्क गर्न मिल्ने गरी फर्म/संस्था/कम्पनीको स्पष्ट ठेगाना, फोन नं., मोबाइल नम्बर, ईमेल, वेभसाईट आदि खुलाई पेश गरेको हुनुपर्ने ।

ड. परामर्श सेवाको हकमा तोकिए बमोजिमको जनशक्ति परिचालन गर्न सक्ने प्रतिवद्धता सहितको कागजातहरु ।